# परिच्छेद - १

# प्रारम्भिक

## १.१ पृष्ठभूमि :-

नेपालमा सार्वजनिक लेखा समितिको इतिहास २०१६ सालदेखि नै सुरुवात भएको पाइन्छ। २०१६ सालमा निर्वाचित प्रतिनिधि सभामा सार्वजनिक लेखा समितिको व्यवस्था थियो। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६४ मा सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था नै गरिएको थियो । हाल नेपालको संविधानको धारा ९७ तथा संघीय संसद, प्रतिनिधि सभा नियमावली २०७५, को नियम १७२ मा १० वटा विषयगत समिति रहने व्यवस्था रहेको छ। ती विषयगत समितिहरु मध्ये सार्वजनिक लेखा समिति पनि एक महत्वपूर्ण समिति हो ।

मिनि पार्लियामेन्टका रुपमा चिनिने प्रदेश सभामा गठित समितिको क्रियाशीलता, कार्यकुशलता र प्रभावकारिताले प्रदेश सभाको अस्तित्व, गरिमा र मर्यादा कायम गर्न सघाउ पुऱ्याउन्छ । समितिको क्रियाशिलता जति सशक्त हुन्छ त्यति नै प्रदेश सरकारलाई जनता प्रति उत्तरदायी र जवाफदेहि बनाउन बल पुग्छ । अत: समितिको प्रभावकारिताले निश्चित रुपमा प्रदेश सभाको प्रभावकारितामा अभिवृद्धि गर्छ । समितिले आफ्नो कार्यक्षेत्र भित्रका सरकारी निकायहरुको नीति, योजना, कार्यक्रम एवम् बजेट परिचालन आदिका सम्बन्धमा निगरानी गरी आवश्यक निर्देशन दिने गर्दछन् । त्यस्तै , आवश्यकतानुसार स्थलगत अनुगमन तथा कार्य उपलब्धिको मूल्याङ्कन गरी कार्यान्वयनको सिलसिलामा उत्पन्न समस्याको समाधानमा समेत सहयोग पुऱ्याउँदछन् । आर्थिक सुशासन, विनियोजित बजेटको मितव्ययी र प्रभावकारी कार्यान्वयनको नियमित एवम् सम्पूर्ण निगरानीको माध्यमबाट प्रदेशमा सन्तुलित दिगो विकास र समृद्धि हासिल गर्न समितिले महत्वपूर्ण भूमिका खेल्नु पर्दछ । प्रदेश सभाका समितिहरुले सभाको अधिवेशन नचलेको अवस्थामा पनि आफ्ना काम कारवाही सुचारु रुपमा संचालन गर्ने, प्रदेश सरकारले गरेका विकास निर्माणको अनुगमन गरी सुधारका लागि आवश्यक सुझाव दिनुका साथै प्रदेशको समसामयिक घटनाक्रमको बारेमा पनि सुक्ष्म रुपमा छलफल गरी सरकारलाई आवश्यक राय, सल्लाह, सुझाव र निर्देशन दिने गर्दछन् ।

संविधानको धारा १९३ बमोजिम प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जबाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका

काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि गण्डकी प्रदेश, प्रदेश सभा नियमाबली, २०७४ को नियम १४६ बमोजिम गठन भएको विषयगत समितिहरु मध्ये सार्वजनिक लेखा समिति एक महत्वपूर्ण समिति हो । राज्यकोषको खर्च नियमानुसार र कानून बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्नु सार्वजनिक लेखा समितिको प्रमुख कार्य हो ।

## १.२ समितिको गठन र कार्यक्षेत्र :-

संविधानको धारा १९३ मा प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सभाले नियमावली बमोजिम आवश्यकता अनुसार समिति वा विशेष समिति गठन गर्न सकिने प्रावधान रहेको छ । त्यस्तै प्रदेश सभा नियमाबली, २०७४ को नियम १४५ मा प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सरकारलाई उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि विषयगत समिति र विशेष समिति गठन गर्न सकिने छ भन्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुरुप नियम १४६ बमोजिमका कार्यक्षेत्र भएका देहायका विषयगत समितिहरु गठन गरिएका छन्।

१. विधायन समिति,

२. सार्वजनिक लेखा समिति,

३. प्रदेश मामिला समिति र

४. अर्थ तथा विकास समिति ।

गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ क्र.सं. २ अनुसार सार्वजनिक लेखा समितिलाई तोकिएका कार्यक्षेत्रहरु निम्न छन् :-

**"प्रदेश लोक सेवा आयोग बाहेक प्रादेशिक संवैधानिक आयोगका प्रतिवेदन, महालेखा परीक्षकको वार्षिक प्रतिवेदन र सार्वजनिक लेखा सम्बन्धी । "**

## १.३ समितिको काम, कर्तव्य र अधिकार :-

गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ (तेस्रो संशोधन) अनुसार विषयगत समितिहरु मध्ये सार्वजनिक लेखा समितिले गर्नु पर्ने कार्यहरु :-

क) मन्त्रालय, निर्देशनालय र अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, श्रोतपरिचालन, व्यवस्थापन र अन्य यस्तै क्रियाकलापको मूल्यांकन गरी सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।

ख) विषयसँग सम्वन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए नभएको अध्ययन, अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।

ग) प्रदेश सरकारद्धारा समय-समयमा गठन हुने छानविन आयोग/समितिद्धारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्वन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने।

घ) मन्त्रालय, निर्देशनालय र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्यांकन गरी सो सम्वन्धमा आबश्यक निर्देशन दिने ।

ड.) बैठकले सुम्पेको अन्य काम गर्ने ।

झ) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम संचालन गर्ने ।

(२) उपनियम (१) बमोजिम विषयगत समितिले कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा निर्देशनालय, आयोग र निकायका प्रतिनिधि र आवश्यक परे तत् तत् विषयका विशेषज्ञसँग समेत छलफल गर्न सक्नेछ ।

ञ) विषयगत समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी सु-व्यवस्थित ढङ्गले बहन गर्ने सन्दर्भमा आवश्यक कार्यविधि कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्नेछन् ।

ट) सार्वजनिक लेखा समितिले सभामा पेश गरिएको महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखा परीक्षकद्वारा भएगरेका काम कारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनु पर्ने काम कारबाही कानून सङ्गत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

ठ) समितिको कार्य सम्पादनको सिलसिलामा समितिका सदस्यले सभामुखको पूर्व स्वीकृती लिई आवश्यक स्थानको भ्रमण गर्न सक्नेछन् ।

ठ) उपनियम (५) बमोजिम स्वीकृति माग गर्दा त्यसरी भ्रमण गर्नुपर्ने कारण स्पष्ट खुलाईएको हुनुपर्नेछ ।

ड) यस नियम बमोजिम समितिले बैठकमा प्रस्तुत गर्नु पर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगावै र अरू प्रतिवेदन जुनसुकै समयमा प्रस्तुत गर्न सक्नेछन् ।"

उल्लेखित् काम, कर्तव्य र अधिकारको प्रयोग गरी कार्यसम्पादन गर्दा समितिले सम्वन्धित मन्त्रालय तथा निर्देशनालय, आयोग र निकायका प्रतिनिधि र आवश्यक परे तत् तत् विषयका विशेषज्ञसँग समेत छलफल गर्न सक्ने, आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी सुव्यवस्थित ढंगले वहन गर्ने सन्दर्भमा आवश्यक कार्यविधि, कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्ने, कुनै विशेष अवस्थामा उपसमिति गठन गरी त्यस उपसमितिले सुम्पिएको कार्य पूर्ण गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने, विशेष अवस्थामा विशेष बैठक बस्ने, समितिको कार्यसम्पादनको सिलसिलामा समितिका सदस्यले सभामुखको पूर्व स्वीकृती लिई आवश्यक स्थानको भ्रमण गर्न सक्ने र बैठकमा प्रस्तुत गर्नुपर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगाबै र अन्य प्रतिवेदन जुनसुकै समयमा प्रस्तुत गर्न सक्ने जस्ता व्यवस्थाहरु रहेका छन् ।

## १.४ कार्यविधि र प्रक्रिया :-

नेपालको संविधान, प्रदेश सभा नियमावली, २०७४ र सो अन्तर्गत तर्जुमा गरिएको सार्वजनिक लेखा समितिको कार्यविधि, २०७५ बमोजिम समितिले आफ्नो नियमित कार्य सम्पादन गर्दै आएको छ। समितिको कार्य सम्पादनको शिलशिलामा आवश्यकतानुसार प्रदेश सरकारका मन्त्री, सचिव, विभागीय प्रमुख, सम्बन्धित क्षेत्रका विज्ञ तथा सरोकारवालाहरुलाई समिति समक्ष आमन्त्रण गरी छलफल र अन्तर्क्रिया गर्ने गरेको छ। बैठकमा निर्णय लिंदा सहमतीय प्रक्रियालाई जोड दिंदै आएको छ ।

समितिको बैठक सम्बन्धित समितिको सभापतिले आवश्यकतानुसार बोलाउन सक्ने, बैठकको सभापतित्व सभापतिले वा निजको अनुपस्थितिमा समितिका ज्येष्ठ सदस्यले गर्ने व्यवस्था छ । साथै समितिको गणपुरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको एक चौथाई हुनु पर्ने व्यवस्था रहेको छ ।

समितिको बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय समितिको निर्णय मानिने, मत बराबर भएमा सभापतिले निर्णायक मत दिन सक्ने र समितिको निर्णय प्रमाणिकरण सभापतिले गर्ने व्यवस्था रहेको छ ।

सभापतिले उपयुक्त सम्झेमा समितिको आन्तरिक काम कारवाही सम्पन्न गर्न वा समितिको कार्यक्षेत्र भित्रको विषयमा अध्ययन गरी प्रतिवेदन दिन समितिका सदस्यहरु मध्येबाट उप-समिति गठन गर्न सकिने व्यवस्था छ ।

## १.५ सीमा :-

समितिमा उपयुक्त सभाकक्ष, सभापतिको कार्यकक्ष, आवश्यक बजेट, अपेक्षित जनशक्ति, सूचना प्रविधि र तथ्याङ्क, अध्ययन अनुसन्धान, अन्तर समिति समन्वय, पर्याप्त स्थलगत अवलोकन भ्रमण, सदस्य र कर्मचारीको क्षमता अभिवृद्धि जस्ता पक्षहरु कार्य सम्पादनको सिलसिलामा सिमाको रुपमा रहेका छन् ।

## १.६ प्रतिवेदनको संरचना :-

प्रस्तुत प्रतिवेदनलाई चार वटा परिच्छेदमा विभाजन गरिएको छ ।

**परिच्छेद-१** मा प्रारम्भिक अन्तर्गत पृष्ठभूमि, समितिको गठन र कार्यक्षेत्र, समितिको काम कर्तव्य र अधिकार, कार्यविधि र प्रक्रिया, सीमा तथा प्रतिवेदनको संरचना उल्लेख गरिएको छ ।

**परिच्छेद-२** मा सम्पादित कार्य अन्तर्गत समितिको बैठक, निर्णय तथा निर्देशन सम्बन्धी कार्य र अन्य कार्य प्रस्तुत गरिएको छ ।

**परिच्छेद-३** मा निर्णय/निर्देशन कार्यान्वयनको अवस्था र कार्य सम्पादनमा देखा परेका समस्याहरु सम्बन्धमा उजागर गरिएको छ ।

**परिच्छेद-४** मा निष्कर्ष, सुझाव तथा सिफारिस बारे उल्लेख गरिएको छ। प्रतिवेदनको अन्त्यमा अनुसूचीहरु समावेश गरिएको छ।

# परिच्छेद - २

# सम्पादित कार्यहरु

## २.१ समितिको बैठक, निर्णय तथा निर्देशन

समितिको गठनदेखि आ.व. २०७५/०७६ असार मसान्तसम्म जम्मा १२ बटा, उप-समितिको २ वटा र विशेष वैठक ३ वटा सम्पन्न भएको र यस अवधिमा सम्पन्न भएका बैठकहरु क्रमश: सार्वजनिक लेखा समितिको कार्यविधी तयार गर्ने, माननीय महालेखा परिक्षकज्यूबाट माननीय सभामुखको समउपस्थितिमा सार्वजनिक लेखाका माननीय सदस्यहरु तथा विषयगत समितिका माननीय सभापतिहरुसंग छलफल कार्यक्रम (विशेष बैठक), समितिका काम कारवाहीहरुलाई व्यवस्थित बनाउने, समितिको क्षेत्राधिकार निक्यौल गर्ने, सार्वजनिक लेखा समितिको सभापतिको चयन तथा आवश्यकतानुसार जनगुनासोको आधारमा मन्त्रालयहरुको इन्धन सुविधाको दोहोरो प्रयोग आदिका लागि उपसमिति गठन गरि प्रतिवेदन पेश गरेको, यू.एन.डि.पी. को सहकार्यमा कार्यशाला गोष्ठीको आयोजना गर्नका लागि निर्णय गरेपछि विशेष बैठक राखी सोको माथि गहन छलफल गरेर निर्णय लिई आवश्यकतानुसार विभिन्न प्रदेश मन्त्रालय र अन्तर्गतका निकायहरुलाई निर्देशन गरी प्रतिवेदन दिने जस्ता विषयमा केन्द्रित रहेको। महत्वपूर्ण लागेका तथा जनगुनासोको रुपमा पटक-पटक विभिन्न पत्र पत्रिकामा आई रहेको कुरा लाई सम्बोधन गर्न नितान्त आवश्यकता महसुस पछि नियमानुसार उपसमिति गठन भएको एवम् आवश्यकतानुसार विशेष बैठक पनि बसेको।

उल्लेखित सन्दर्भमा, समितिका सम्पन्न बैठक, गरिएका निर्णय र निर्देशनको विवरण देहाय बमोजिम उल्लेख गरिएको छ ।

## समितिद्धारा सम्पन्न बैठकहरुको विवरण

**बैठक संख्या : १**

मिति : २०७५।०१।१४

**छलफलको विषय :** १. सार्वजनिक लेखा समितिको सभापति चयनको लागि समितिका सदस्यहरु मध्येबाट सचिवालयमा फारम दर्ता गर्ने सम्बन्धमा ।

२. समितिको सभापति निर्वाचन गर्ने सम्बन्धमा ।

**निर्णय :-** १. पहिलो प्रस्ताव माथि छलफल गर्दा प्रदेश सभा, प्रदेश नं. ४ पोखराको सार्वजनिक लेखा समितिको सभापति चयनको लागि मिति २०७५/०१/१५ गते विहान १०.०० बजेदेखि अपरान्ह ५.०० बजेसम्म सचिवालयमा उम्मेदवारी दर्ता गरी सक्ने ।

२. दोस्रो प्रस्ताव माथि छलफल गर्दा प्रदेश सभा, प्रदेश नं. ४ को सार्वजनिक लेखा समितिको सभापति चयनको प्रकृया मिति २०७५/०१/१६ गते विहान १०.०० बजेदेखि सुचारु गर्ने ।

**बैठक संख्या : २**

मिति : २०७५।०१।१६

समय : विहान १०.३० बजे

**छलफलको विषय :** १. सार्वजनिक लेखा समितिको सभापति चयनका लागि समितिका सदस्यहरु मध्येबाट सचिवालयमा उम्मेदवारी दर्ता भएको सम्बन्धमा ।

२. समितिको सभापतिको चयन तथा घोषणा सम्बन्धमा ।

**निर्णय :-** १. पहिलो प्रस्ताव माथि छलफल गर्दा मिति २०७५/०१/१५ गते अपरान्ह ५.०० बजेसम्ममा सार्वजनिक लेखा समितिको सभापतिको पदका लागि मा. कुमार खड्काको एक मात्र उम्मेदवारी परेकोले समितिका सदस्य मा. मायानाथ अधिकारी प्रस्तावक भई समिति सदस्यमा मेखलाल श्रेष्ठबाट समर्थन भई मा. कुमार खड्का समितिको सभापति पदमा सर्वसम्मत् रुपमा चयन हुनु भएको घोषणा अध्यक्ष मा. महेन्द्र बहादुर थकालीले गर्नु भयो ।

**बैठक संख्या : ३**

मिति : २०७५।०१।१६

समय : विहान ११.३० बजे

**छलफलको विषय :** १. सार्वजनिक लेखा समितिको काम कारवाहीलाई व्यवस्थित रुपमा सुचारु गर्ने।

**निर्णय :-** १. प्रस्ताव १. माथि छलफल गर्दा सार्वजनिक लेखा समितिको क्षेत्राधिकार भित्रका काम कारवाहीलाई निरन्तरता दिंदै संवैधानिक तथा कानूनी मर्यादामा रही नियमपूर्वक चुस्त दुरुस्त राख्ने प्रयत्न गर्ने निर्णय गरियो।

**बैठक संख्या :** ४

मिति : २०७५।०५।११

**छलफलको विषय :** १. सार्वजनिक लेखा समितिको काम कारवाहीलाई व्यवस्थित रुपमा सुचारु गर्न तथा समितिको क्षेत्राधिकारको निक्यौल गर्न एक कार्यदल/उपसमिति बनाई समितिको कार्यविधि निर्माण गर्ने ।

२. कार्यविधि निर्माण उपसमितिको गठन गर्ने ।

३. उक्त उप-समितिका सदस्यहरु चयन गर्ने ।

४. उक्त उप-समितिको पदावधि निर्धारण गर्ने ।

**निर्णय :-** १. प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपालको संबिधानको धारा १९३ तथा प्रदेश नं. ४ प्रदेश सभा नियमावली, २०७४ को धारा १४५ को व्यवस्था बमोजिम गठन भएको सार्वजनिक लेखा समितिले प्रदेश नं. ४ प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ को व्यवस्था अनुसारको अधिकार प्रयोग गरी बैठकलाई सुव्यवस्थित, मर्यादित र अनुशासित रुपमा संचालन गर्नको लागि कार्यविधि बनाई लागू गर्न आवश्यक भएकोले कार्यविधि निर्माण उपसमिति गठन गर्ने निर्णय भयो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा समितिमा दलीय उपस्थितिलाई विचार गरी नेपाल कम्प्युनिष्ट पार्टीबाट ३ जना र नेपाली काँग्रेसको तर्फबाट २ जना गरी जम्मा ५ (पाँच) सदस्यीय कार्यविधि उपसमिति निर्माण गर्ने निर्णय भयो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा उक्त समितिमा ने.क.पा.को तर्फबाट मा. गायत्री गुरुङ्ग, मा. महेन्द्र बहादुर थकाली र मा. प्रभा कोइराला तथा नेपाली काँग्रेसको तर्फबाट मा. विन्दु कुमार थापा र मा. प्रकाश चन्द्र दवाडीलाई चयन गर्ने निर्णय भयो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा उक्त समितिले तत्काल कार्य प्रारम्भ गर्ने र कार्यविधिको खाका तयार गरी आजको मितिबाट १५ दिनभित्र आफ्नो प्रतिवेदन पेश गर्न लगाउने निर्णय भयो ।

**बैठक संख्या : ५**

**मिति : २०७५।०९।२५**

**छलफलको विषय :** १. मिति २०७५/०५/११ गतेको समितिको निर्णयबाट गठित सार्वजनिक लेखा समितिको कार्यविधि निर्माणका लागि गठित उपसमितिको कार्यकालका विषयमा।

२. सार्वजनिक लेखा समितिद्वारा उप-समितिका संयोजक तथा सदस्यहरुलाई धन्यवाद ज्ञापन सम्बन्धमा ।

३. शोक धारण गर्ने ।

**निर्णय :** १. मिति २०७५/०५/११ गतेको समितिको निर्णयबाट गठित सार्वजनिक लेखा समितिको कार्यविधि निर्माणका लागि गठित उपसमितिको कार्यकाल २०७५/०९/२५ सम्म थप गर्ने निर्णय गरियो ।

२. उप-समितिबाट समिति समक्ष पेश हुन आएको सार्वजनिक लेखा समितिको कार्यविधि २०७५ को मस्यौदा सहितको प्रतिवेदन ग्रहण गरी उप-समितिका संयोजक तथा सदस्यहरुले सफलतापूर्वक तथा मिहिनेतका साथ निर्वाह गर्नु भएको भूमिकाका लागि हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

३. प्रदेश सभाका सदस्य मा. टेक बहादुर घर्तिको ४७ वर्षको अल्पायुमा निधन भएको । मा. ओमकला गौतमका सुपुत्र नवीन गौतमको ३६ वर्षको अल्पायुमा निधन भएको र मा. लक्ष्मी सुनारको ममतामयी माता हेमन्ती कुमारी सुनारको ७७ बर्षको उमेरमा निधन भएको हुँदा दिवंगत आत्माहरुको चीर शान्तिको कामना तथा शोक संतप्त परिवारहरु प्रति संवेदना प्रकट गर्दै शोकको घडिमा ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना गर्ने निर्णय गरियो ।

**बैठक संख्या : ६** **मिति : २०७५।१०।१५**

**छलफलको विषय :** १. गण्डकी प्रदेशका विभिन्न मन्त्रालयहरुबाट इन्धन सुविधाको दोहोरो प्रयोग भएको विषयमा जनगुनासो तथा पत्रपत्रिकामा समेत समाचार सार्वजनिक भएको सन्दर्भमा छलफल गर्ने।

**निर्णय :** १. गण्डकी प्रदेशका विभिन्न मन्त्रालयहरुबाट इन्धन सुविधाको दोहोरो प्रयोग भएको विषयमा जनगुनासो तथा पत्रपत्रिकामा समेत समाचार सार्वजनिक भएको सन्दर्भमा यस प्रदेशका सबै मन्त्रालयहरुबाट माननीय मन्त्रीज्यूलाई इन्धन सुविधा उपलब्ध गराउने

विषयमा भएका निर्णयहरु तथा सो सुविधा वापत माननीय मन्त्रीज्यूहरुलाई हालसम्म कुन-कुन मितिमा कति परिमाणमा इन्धन सुविधा उपलब्ध गराइएको विवरण ७ दिन भित्र समितिमा पठाउन निर्देशन दिने निर्णय गरियो ।

**बैठक संख्या : ७** **मिति : २०७५।११।०२**

**छलफलको विषय :** (१) सार्वजनिक लेखा समितिको कार्यविधि, २०७५ माथि पुनः आवश्यक छलफल गरी पूर्णता दिने ।

(२) समितिको मिति २०७५।१०।१५ गतेको छैठौं बैठकको निर्णयानुसार गण्डकी प्रदेशका विभिन्न मन्त्रालयहरुबाट माननीय मन्त्रीज्यूहरुलाई उपलब्ध गराइएको इन्धन सुविधाको दोहोरो प्रयोग भएको विषयमा सो भए नभएको विवरण खुलाई उपलब्ध गराउन निर्देशन दिइएकोमा सो सम्बन्धमा थप जानकारी लिनको लागि पुनः पत्राचार गरी पठाउने ।

**निर्णय नं. १** समितिको मिति २०७५।१०।१५ गतेको छैठौं बैठकको निर्णयानुसार गण्डकी प्रदेशका विभिन्न मन्त्रालयहरुबाट माननीय मन्त्रीज्यूहरुलाई उपलब्ध गराइएको इन्धन सुविधाको दोहोरो प्रयोग भएको विषयमा सो भए नभएको विवरण खुलाई उपलब्ध गराउन निर्देशन दिइएकोमा सामाजिक विकास मन्त्रालयबाट जवाफ नआएकोले पुनः पत्र लेखी ७ दिनभित्र उपलब्ध गराउन निर्देशन दिने ताकेता पत्र लेख्ने, आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई पुनः खुलाई लेखी पठाउन निर्देशन दिने, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट माग भए बमोजिमको पूर्ण विवरण प्राप्त भएकोले उक्त दुई निकायलाई पुनः पत्राचार नगर्ने निर्णय भयो ।

२. सार्वजनिक लेखा समितिको कार्यविधि, २०७५ लाई पारित गरिनुका साथै उक्त कार्यविधिको दस्तावेजमा समितिका सबै सदस्यहरुबाट हस्ताक्षर गरी अभिलेख राख्ने निर्णय भयो ।

**बैठक संख्या : ८** **मिति : २०७५।१२।०१**

**छलफलको विषय :** (१) माननीय मन्त्रीज्यूहरुको इन्धन सुविधा सम्बन्धमा छलफल गर्ने ।

(२) यू.एन.डि.पी.को सहकार्यमा सार्वजनिक लेखा समितिबाट आयोजना गरिने अन्तरक्रिया कार्यक्रमका सम्बन्धमा ।

**निर्णय नं. १** गण्डकी प्रदेशका माननीय मुख्य मन्त्री तथा माननीय मन्त्रीज्यूहरुलाई शपथग्रहण गरेदेखि हालसम्म इन्धन सुविधा उपलब्ध गराइएको विषयमा भएका निर्णय तथा उपलब्ध गराइएको इन्धनको विवरणका सम्बन्धमा मिति २०७५ साल चैत्र १२ गते बिहान ०८.०० बजे प्रदेश सभा सचिवालय, गण्डकी प्रदेशमा समितिको बैठक राख्ने र छलफल कार्यक्रम आयोजना गर्ने हुँदा सम्बन्धित सबै मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत सबै मन्त्रालयलाई लेखा प्रमुख सहित उपस्थितिको लागि आमन्त्रित गर्ने ।

२. संयुक्त राष्ट्र संघ, यू.एन.डि.पी.को सहकार्यमा मिति २०७५ साल चैत्र १४ र १५ गते तनहुँ जिल्लाको बन्दीपुरमा आयोजना गरिने “आर्थिक सुशासन र भ्रष्टाचार नियन्त्रणको लागि सार्वजनिक लेखा समिति गण्डकी प्रदेश र सरोकारवाला संस्थाहरु बीच समन्वय र सहकार्यू विषयक अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय गरियो । उक्त कार्यक्रमका लागि आवश्यक व्यवस्थापन गर्न श्री विन्दु कुमार थापाको संयोजकत्वमा माननीय सदस्य श्री प्रभा कोइराला तथा माननीय सदस्य श्री दिल कुमारी रोका मगर गरी तीन सदस्यीय व्यवस्थापन समिति गठन गर्ने ।

**बैठक संख्या : ९** **मिति : २०७५।१२।१२**

**छलफलको विषय :** १. गण्डकी प्रदेशका माननीय मुख्य मन्त्री तथा माननीय मन्त्रीज्यूहरुलाई शपथग्रहण गरेदेखि हालसम्म इन्धन सुविधा उपलब्ध गराइएको विषयमा भएका निर्णय तथा उपलब्ध गराइएको इन्धनको विवरणका सम्बन्धमा सरोकारवाला निकाय÷मन्त्रालयका प्रतिनिधिसँग छलफल ।

२. स्थानीय तहमा लेखा समिति गठन बारे ।

३. बन्दीपुर कार्यक्रम बारे छलफल ।

४. विविध

**निर्णय :** १. माननीय मन्त्रीहरुले इन्धनमा दोहोरो सुविधा लिएको भन्ने सम्बन्धमा प्राप्त दस्तावेजहरुलाई अध्ययन गरी सरोकारवालाहरुसँग आवश्यक छलफल गरी १५ (पन्ध) दिनभित्र सुझाव दिनका निम्ति माननीय रामजी प्रसाद बराल जीवनको संयोजकत्वमा माननीय मेखलाल श्रेष्ठ र माननीय प्रभा कोइराला सदस्य रहनु भएको ३ (तीन) सदस्यीय उपसमिति गठन गर्ने निर्णय गरियो ।

२. स्थानीय तहको सभा संचालन सम्बन्धी ऐनको दफा ३५ उपदफा (१) ले व्यवस्था गरे अनुसार गण्डकी प्रदेशभित्रका सम्पूर्ण स्थानीय तहमा लेखा समिति गठन गर्न आवश्यक पहल र कार्यान्वयनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

३. आर्थिक सुशासन र भ्रष्टाचार नियन्त्रणका लागि सार्वजनिक लेखा समिति गण्डकी प्रदेश र सरोकारवाला संस्थाहरुबीच समन्वय र सहकार्यका निम्ति २०७५ चैत्र १४ र १५ गते तनहुँ जिल्लाको बन्दीपुरमा गरिने अन्तरक्रिया कार्यक्रमको उद्घाटन सत्र र छलफल सत्र सम्बन्धी सभापतिबाट प्रस्तावित सम्पूर्ण कार्यक्रमहरू अनुमोदन गर्ने निर्णय गरियो।

४. प्रदेश मन्त्रिपरिषद्को गठन पश्चात् आजका मितिसम्म मन्त्रिपरिषद्ले निर्णय गरेर दिएका आर्थिक सहयोग, चन्दा, उपचार खर्च लगायत अन्य आर्थिक सहयोगको विवरण र उक्त सहयोग कानूनसम्मत् भए÷नभएको जानकारी सहित मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पत्रका मितिले १० (दश) दिनभित्र माग गर्ने निर्णय गरियो ।

**बैठक संख्या : १०** **मिति :२०७५।१२।१४**

**छलफलको विषय :** १. २०७५ चैत्र १४ गतेको अन्तरक्रिया कार्यक्रम बारे ।

**निर्णय :** (१) आर्थिक सुशासन र भष्टाचार नियन्त्रणको लागि सार्वजनिक लेखा समिति गण्डकी प्रदेश र सरोकारवाला संस्थाहरु बिच समन्वय र सहकार्य़ विषयक अन्तर्क्रिया कार्यक्रमको २०७५ चैत्र १४ गतेको उद्घाटन सत्र र माननीय महालेखा परीक्षक, संघीय संसदका माननीय सदस्य राजेन्द्र कुमार के.सी. र माननीय विरोध खतिवडाको कार्यपत्र र प्रस्तुती उपलब्धिमूलक र प्रभावकारी भएको तर अन्य व्यवस्थापन पक्षलाई सुधार गर्नुपर्ने निर्णय गरियो ।

**बैटक संख्या : ११** **मिति : २०७५।१२।१५**

**छलफलको विषय :** धन्यवाद प्रस्ताव सम्बन्धमा ।

(२) अन्तरक्रिया कार्यक्रमको निष्कर्श सम्बन्धमा ।

**निर्णय :** १. आर्थिक सुशासन र भष्टाचार नियन्त्रणको लागि सार्वजनिक लेखा समिति गण्डकी प्रदेश र सरोकारवाला संस्थाहरु बिच समन्वय र सहकार्यू विषयक अन्तक्रि्रया कार्यक्रमको २०७५ चैत्र १४ तथा १५ गते उपस्थित भएर सहयोग गर्नु हुने माननीय प्रदेश प्रमुख, माननीय सभामुख, माननीय महालेखा परीक्षक, माननीय प्रदेश मन्त्रीहरू, माननीय संघीय संसदद्वय, माननीय उपसभामुख, माननीय विपक्षी दलको नेता, विषयगत समितिका माननीय सभापतिहरू, दलका माननीय नेताहरू, माननीय सदस्यहरू, प्रमुख सचिव, विभिन्न मन्त्रालयका सचिवहरू, प्रदेश को.ले.नि.का.का प्रमुख, स्थानीय तहका लेखा समितिका सभापतिहरू, स्थानीय तहका उच्च पदस्थ कर्मचारीहरू, नागरिकस्तरबाट स्थापित सरोकारवाला संस्थाहरू, यु.एन.डी.पी., सचिवालयका कर्मचारीहरू, स्रोत व्यक्तिहरू र अन्य सम्पूर्ण सहयोगीहरूलाई धन्यवाद दिने निर्णय गरियो ।

(२) (क) सार्वजनिक लेखा समितिका सबै सदस्यहरू आग्रह—पूर्वाग्रह, द्वैष र अनुरागबाट माथि उठेर निष्पक्ष रुपमा काम गर्ने वचनवद्धता जाहेर गर्दछौं।

(ख) सार्वजनिक लेखा समिति आर्थिक सुशासनको लागि आवश्यक अनुशासन पालन गर्दै आफैबाट प्रारम्भ गरी गण्डकी प्रदेशमा भ्रष्टाचार न्यूनीकरण र नियन्त्रण गर्ने प्रतिवद्धता जाहेर गर्दछ ।

(ग) सार्वजनिक लेखा समितिको नेतृत्वमा आर्थिक सुशासनसँग सरोकारवाला संस्थाहरूले समन्वय र सहकार्य गरी आर्थिक सुशासन सबल गण्डकी प्रदेश बनाउने सामुहिक संकल्प गर्दछ ।

**बैठक सँख्या :१२** **मिति :२०७६।०२।१०**

**छलफलको विषय :** १. गण्डकी प्रदेशका माननीय मन्त्रीहरुले लिएको इन्धन सुविधा सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिको प्रतिवेदन सम्बन्धमा।

२. मन्त्रिपरिषद्बाट वितरित चन्दा, सहयोग आदि सम्बन्धमा ।

३. विविध ।

**निर्णय :** १. प्रदेश सरकारले गर्ने खर्च जनताबाट उठाइएको करबाट व्यहोरिने हुँदा त्यस्तो रकम खर्च गर्दा संवेदनशील, पारदर्शी र मितव्ययी भई खर्च गर्नु सरकारको दायित्व हो । हामीले इतिहास, परम्परा र अभ्यासको अनुसरण गर्ने मात्र होइन तिनको निर्माणको दायित्व पनि बोकेका छौं । संघीयता माथि अझै प्रादेशिक संरचना माथि नै विभिन्न कोणबाट प्रश्न र आशंका गरिएको मात्र हैन हामीले गरेका प्रत्येक कार्य, अभ्यास र गतिविधि भोलीका सरकारहरुका लागि नजीर बस्ने हुँदा उच्च नैतिक आर्थिक सुशासन कायम गर्नु आवश्यक छ ।

मिति २०७६/०२/१० मा बसेको सार्वजनिक लेखा समितिको १२ औं बैठकले निम्न विषयहरुमा प्रदेश सरकारलाई तपसीलका निर्देशन दिने सर्वसम्मत निर्णय गरेको छ ।

१. **ईन्धन सम्बन्धमा :-** माननीय मन्त्रीहरुले सवारी इन्धन उपयोग सम्बन्धमा ।

- क. लगबुक व्यवस्थित र अद्यावधिक राख्नु हुन ।
- ख. ऐन अनुसार प्राप्त ईन्धन सुविधा वापत "रकम लिनेमा सवारीमा ईन्धन भर्ने" सम्बन्धमा एकरुपता कायम गर्नु हुन ।
- ग. संघ, संस्था वा व्यक्तिगत निमन्त्रणाको लागि सवारी साधन प्रयोग गर्नु पर्दा सम्बन्धित आयोजकले वा नीजि रुपमा ईन्धन व्यहोर्ने ।
- घ. आफ्नो मन्त्रालयसंग सम्बन्धित कार्यक्रम बाहेक अन्य कार्यको लागि माननीय मन्त्रीको भ्रमण आदेश स्वीकृत नगर्नु हुन ।

**सुझाव :-**

मुख्यमन्त्री तथा मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको ईन्धन सम्बन्धी "व्याख्यात्मक टिप्पणी" अनुसार गर्ने वा उक्त टिप्पणीमा आवश्यकता सुधार गर्नु आवश्यक देखिन्छ ।

२. **मन्त्रिपरिषद्बाट वितरित चन्दा सहयोग आदि सम्बन्धमा :-** मन्त्रिपरिषदको निर्णयबाट दिइने आर्थिक सहायता, चन्दा, पुरस्कार, उपचार खर्चको लागि आवश्यक मापदण्ड बनाएर मात्र मापदण्ड अनुसार वितरण गर्ने निर्णय गर्ने ।

३. **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट वितरित अनुदान सम्बन्धमा :-** मन्त्रालयले आ.व. २०७५/७६ मा विभिन्न शिर्षकमा विभिन्न संघ/संस्था/व्यक्तिलाई वितरण गरिएको अनुदानको विस्तृत विवरण ७ (सात) दिन भित्र माग गर्ने ।

## २.२ उपसमितिको गठन, बैठक, निर्णय तथा निर्देशन

**२.२.१** सार्वजनिक लेखा समितिको काम कारवाही व्यवस्थित रुपमा सुचारु गर्न तथा समितिको क्षेत्राधिकारको विषयमा निक्यौल गर्न मिति २०७५/५/११ गते सोमवारका दिन माननीय सभापति कुमार खड्काज्यूको अध्यक्षतामा बसेको सार्वजनिक लेखा समितिले कार्यदल/उपसमिति बनाउने निर्णय गरे बमोजिम गठित पाँच सदस्यीय "कार्यविधि निर्माण उप-समिति" सम्बन्धी विवरण :-

उपसमितिको नाम **"कार्यविधि निर्माण उप-समिति"**

**पदाधिकारीहरु :-**

१. माननीय बिन्दु कुमार थापा - अध्यक्ष
२. माननीय गायत्री गुरुङ्ग - सदस्य
३. माननीय प्रभा कोइराला - सदस्य
४. माननीय महेन्द्र बहादुर थकाली - सदस्य
५. माननीय प्रकाश चन्द्र दवाडी - सदस्य

**कार्यविधि निर्माण उपसमिति**

**बैठक सँख्या : १** **मिति :२०७५।०५।१९**

**छलफलको विषय :** १. सार्वजनिक लेखा समितिको मिति २०७६/०५/११ गते बसेको बैठकको निर्णय बमोजिम उप-समितिमा चयन हुनु भएका मा.प्रकाशचन्द्र दवाडीज्यूको सट्टा समितिको अर्को सदस्यको नाम यस उप-समितिको सदस्यका लागि मनोनयन गर्ने

२. उप-समितिको संयोजक तोक्ने ।

३. सार्वजनिक लेखा समितिको कार्यविधि, २०७५ को ड्राफ्ट तयार गरी उक्त ड्राफ्टमाथि छलफल गर्ने ।

**निर्णय :** १. प्रस्ताव नं. १ माथि छलफल गर्दा सार्वजनिक लेखा समितिको मिति २०७५/०५/११ गते बसेको बैठकको निर्णय बमोजिम नेपाली काँग्रेसको तर्फबाट चयन हुनु भएका माननीय सदस्य श्री प्रकाश चन्द्र दवाडीको सट्टा सोही पार्टीका माननीय सदस्य श्री मेखलाल श्रेष्ठलाई

चयन गरी आजको मितिदेखि लागु हुने गरी सदस्य तोक्ने र उक्त प्रस्ताव समिति समक्ष अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा उप-समितिका माननीय सदस्य श्री बिन्दु कुमार थापालाई उप-समितिको संयोजकमा सर्वसम्मतबाट चयन गर्ने निर्णय भयो ।

३. प्रस्ताव नं. ३ मा उल्लिखित कार्यविधिको ड्राफ्ट तयारी तथा उक्त कार्यविधिमाथि बुँदागत छलफल गरी आगामी दिनमा अझ थप छलफल गर्ने र अन्तिम रुपको ड्राफ्टलाई समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

**बैठक सँख्या : २** **मिति :२०७५।०९।२०**

**छलफलको विषय :** १. सार्वजनिक लेखा समितिको कार्यविधि, २०७५ सम्बन्धमा ।

**निर्णय : १.** प्रस्ताव नं. १ माथि छलफल गर्दा सम्बन्धित सरोकारवालाहरुसँग बसी वृहत रुपमा छलफल गरी प्रदेशबाट निर्माण हुने कार्यविधिहरु एउटै ढाँचामा निर्माण गर्ने निर्णय गरियो ।

**बैठक सँख्या : ३** **मिति :२०७५।०९।२२**

**निर्णय : १.** सार्वजनिक लेखा समितिको कार्यविधि, २०७५ को मस्यौदा सहितको प्रतिवेदन २०७५/०९/२५ गते बस्ने सार्वजनिक लेखा समितिको बैठकमा पेश गर्ने । उप-समितिको कार्य अवधि २०७५/०९/२५ सम्म थप गर्न सिफारिश गर्ने ।

**२.२.२** सार्वजनिक लेखा समितिको मिति २०७५/१२/१२ मा बसेको ९ औं बैठकको निर्णयानुसार माननीय मन्त्रीहरुले इन्धनमा दोहोरो सुविधा लिएको भन्ने सम्बन्धमा प्राप्त दस्तावेजहरुलाई अध्ययन गरी सरोकारवालाहरुसँग आवश्यक छलफल गरी १५ (पन्ध्र) दिन भित्र सुझाव दिनका निम्ति माननीय रामजी प्रसाद बराल जीवनको संयोजकत्वमा माननीय मेखलाल श्रेष्ठ र माननीय प्रभा

कोइराला सदस्य रहनु भएको गठित ३ (तीन) सदस्यीय **"माननीय मन्त्रीहरुले लिएको इन्धनका सम्बन्धमा अध्ययन गर्न गठित उप-समिति"** को विवरण :-

१. माननीय रामजी प्रसाद बराल जीवन - अध्यक्ष

२. माननीय मेखलाल श्रेष्ठ - सदस्य

३. माननीय प्रभा कोइराला - सदस्य

**माननीय मन्त्रीहरुले लिएको इन्धनका सम्बन्धमा अध्ययन गर्न गठित उपसमिति**

**बैठक सँख्या : १** **मिति :२०७५।१२।१९**

**छलफलको विषय :** १. गण्डकी प्रदेशका माननीय मन्त्रीहरुले इन्धन उपयोग गरेको सम्बन्धमा विभिन्न मन्त्रालयबाट प्राप्त भएका कागजपत्र अध्ययन सम्बन्धमा।

**निर्णय :** १. माननीय मन्त्रीहरुले इन्धन उपयोग गरेको सम्बन्धमा विभिन्न मन्त्रालयबाट प्राप्त भएका कागजपत्र अध्ययन गरियो।

२. प्राप्त कागजातहरु अध्ययन गर्दा माननीय मन्त्रीलाई उपलब्ध गराइएको इन्धन १५० लिटर के कसरी खर्च भयो भन्ने स्पष्ट नभएको हुँदा मिति २०७५ श्रावण १ गतेदेखिको इन्धन उपयोग सम्बन्धी लगबुक ७ (सात) दिनभित्र प्रदेश सभा सचिवालयमा आइपुग्ने गरि माग गर्ने निर्णय भयो।

**बैठक सँख्या : २** **मिति :२०७५।१२।२७**

**छलफलको विषय :** १. विभिन्न मन्त्रालयहरुबाट प्राप्त लगबुकको गहन अध्ययन र विश्लेषण सम्बन्धमा ।

२. उप-समितिको अध्ययन प्रतिवेदन सम्बन्धमा ।

**निर्णय :** १. प्राप्त कागजातहरु अध्ययन गर्दा माननीय मन्त्रीलाई उपलब्ध गराइएको इन्धन १५० लिटर के कसरी खर्च भयो भन्ने स्पष्ट नभएको हुँदा मिति २०७५ श्रावण १ गतेदेखिको इन्धन उपयोग सम्बन्धी लगबुक ७ (सात) दिनभित्र प्रदेश सभा सचिवालयमा आइपुग्ने गरि माग गर्ने निर्णय भए बमोजिम प्राप्त लगबुकको अध्ययन गरियो ।

२. प्राप्त पत्र तथा लगबुक समेतको अध्ययन/विश्लेषण गरी तयार गरिएको अध्ययन प्रतिवेदन सार्वजनिक लेखा समिति समक्ष पेश गर्ने निर्णय भयो ।

## २.३ विशेष बैठक, निर्णय तथा निर्देशन

**विशेष बैठक** **मिति :२०७५।०८।२१**

**छलफलको विषय :** १. माननीय सभामुख र उप-सभामुखको समुपस्थितिमा सार्वजनिक लेखा समितिको कार्यविधि, २०७५ को मस्यौदा माथि छलफल गरियो ।

**निर्णय :** सार्वजनिक लेखा समितिको कार्यविधि, २०७५ लाई पारित गरिनुका साथै उक्त कार्यविधिको दस्तावेजमा समितिका सबै सदस्यहरुबाट हस्ताक्षर गरी अभिलेख राख्ने निर्णय भयो ।

**विशेष बैठक** **मिति :२०७५।०८।२८**

**छलफलको विषय :** माननीय महालेखा परिक्षकज्यूबाट माननीय सभामुखज्यूको समुपस्थितीमा सार्वजनिक लेखा समितिका सदस्यहरु तथा विषयगत समितिका माननीय सभापतिज्यूहरुसंग छलफल गर्ने ।

**निर्णय :** संयुक्त राष्ट्र संघ, यू.एन.डि.पी.को सहकार्यमा मिति २०७५ साल चैत्र १४ र १५ गते तनहुँ जिल्लाको बन्दीपुरमा आयोजना गरिने "आर्थिक सुशासन र भ्रष्टाचार नियन्त्रणको लागि सार्वजनिक लेखा समिति गण्डकी प्रदेश र सरोकारवाला संस्थाहरु बीच समन्वय र सहकार्यू विषयक अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय गरियो । उक्त कार्यक्रमका लागि आवश्यक व्यवस्थापन गर्न श्री विन्दु कुमार थापाको संयोजकत्वमा मानननीय सदस्य श्री प्रभा कोइराला तथा माननीय सदस्य श्री दिल कुमारी रोका मगर गरी तीन सदस्यीय व्यवस्थापन समिति गठन गर्ने ।

## २.२ अन्य कार्य :-

उल्लेखित निर्णयहरु एंव निर्देशनहरुको अलावा माननीय सभापतिज्यूद्धारा ढुंगा,गिट्टी, बालुवा उत्खनन, संकलन, क्रसिङ्गी र विक्री वितरण तथा क्रसर उधोग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यबिधि, २०७५ कार्यान्वयनको अवस्था सम्वन्धमा अध्ययन गर्न विभिन्न जिल्लाहरुमा सञ्चालनमा रहेका क्रसर उधोगहरुको स्थलगत अध्ययन, अवलोकन तथा अनुगमन गर्दा कार्यान्वयनको अवस्था सन्तोषजनक नदेखिएकाले सो सम्वन्धमा समितिको ध्यानाकर्षण भएको

जानकारी गराउदै कार्यविधिको पूर्ण कार्यान्वयन गर्न गराउन उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई पत्रमार्फत निर्देशन समेत दिनुभएको थियो ।

# परिच्छेद - ३

# निर्णय/निर्देशन कार्यान्वयन सम्बन्धी

## ३.१ निर्णय/निर्देशन कार्यान्वयनको अवस्था :-

समितिले आफ्नो कार्यक्षेत्र भित्रका आवश्यक विषयमा विभिन्न निर्णय लिने र निर्देशनहरु दिने गरेको छ । यसरी लिइएका निर्णयहरु एवं दिइएका निर्देशनहरु मध्ये अधिकांश कार्यान्वयन भएको अवस्था छ भने केही निर्णय तथा निर्देशनहरु कार्यान्वयन हुने प्रक्रियामा रहेका छन्। समितिबाट हालसम्म भएका निर्देशन र तिनको अवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

| बैठक संख्या | मिति | निर्णय/निर्देशन | निर्णय/निर्देशन कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| != | २०७५/१/१४ | १.पहिलो प्रस्ताव माथि छलफल गर्दा प्रदेश सभा, प्रदेश नं. ४ पोखराको सार्वजनिक लेखा समितिको सभापति चयनको लागि मिति २०७५/०१/१५ गते विहान १० बजेदेखि अपरान्ह ५ बजेसम्म सचिवालयमा उम्मेदवारी दर्ता गरी सक्ने ।<br>२. दोस्रो प्रस्ताव माथि छलफल गर्दा प्रदेश सभा, प्रदेश नं. ४ को सार्वजनिक लेखा समितिको सभापति चयनको प्रकृया मिति २०७५/१/१६ गते विहान १०.०० बजेदेखि सुचारु गर्ने | भएको । |

| | | | |
|---|---|---|---|
| २= | २०७५/१/१६<br>विहान १०.३० बजे | १. पहिलो प्रस्ताव माथि छलफल गर्दा मिति २०७५/०१/१५ गते अपरान्ह ५.०० बजेसम्ममा सार्वजनिक लेखा समितिको सभापतिको पदका लागि मा. कुमार खड्काको एक मात्र उम्मेदवारी परेकोले समितिका सदस्य मा. मायानाथ अधिकारी प्रस्तावक भई समिति सदस्यमा मेखलाल श्रेष्ठबाट समर्थन भई मा. कुमार खड्का समितिको सभापति पदमा सर्वसम्मत् रुपमा चयन हुनु भएको घोषणा अध्यक्ष मा. महेन्द्र बहादुर थकालीले गर्नु भयो। | सभापतिको चयन भएको । |
| ३= | २०७५/१/१६<br>विहान ११.३० बजे | प्रस्ताव १. माथि छलफल गर्दा सार्वजनिक लेखा समितिको क्षेत्राधिकार भित्रका काम कारवाहीलाई निरन्तरता दिंदै संवैधानिक तथा कानूनी मर्यादामा रही नियमपूर्वक चुस्त दुरुस्त राख्ने प्रयत्न गर्ने निर्णय गरियो। | भएको । |
| ४= | २०७५/५/११ | १. प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपालको संबिधानको धारा १९३ तथा प्रदेश नं. ४ प्रदेश सभा नियमावली, २०७४ को धारा १४५ को व्यवस्था बमोजिम गठन भएको सार्वजनिक लेखा समितिले प्रदेश नं. ४ प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ को व्यवस्था अनुसारको अधिकार प्रयोग गरी बैठकलाई | प्रस्ताव अनुसार उपसमिति गठन गरियो । |

| | | | |
|---|---|---|---|
| | | सुव्यवस्थित, मर्यादित र अनुशासित रुपमा संचालन गर्नको लागि कार्यविधि बनाई लागू गर्न आवश्यक भएकोले कार्यविधि निर्माण उपसमिति गठन गर्ने निर्णय भयो ।<br>२. प्रस्ताव नं. २ माथि छलफल गर्दा समितिमा दलीय उपस्थितिलाई विचार गरी नेपाल कम्प्युनिष्ट पार्टीबाट ३ जना र नेपाली काँग्रेसको तर्फबाट २ जना गरी जम्मा ५ (पाँच) सदस्यीय कार्यविधि उपसमिति निर्माण गर्ने निर्णय भयो ।<br>३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा उक्त समितिमा ने.क.पा.को तर्फबाट मा. गायत्री गुरुङ्ग, मा. महेन्द्र बहादुर थकाली र मा. प्रभा कोइराला तथा नेपाली काँग्रेसको तर्फबाट मा. विन्दु कुमार थापा र मा. प्रकाश चन्द्र दवाडीलाई चयन गर्ने निर्णय भयो ।<br>४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा उक्त समितिले तत्काल कार्य प्रारम्भ गर्ने र कार्यविधिको खाका तयार गरी आजको मितिबाट १५ दिनभित्र आफ्नो प्रतिवेदन पेश गर्न लगाउने निर्णय भयो । | |
| ५. | २०७५/९/२५ | १. मिति २०७५/०५/११ गतेको समितिको निर्णयबाट गठित सार्वजनिक लेखा समितिको कार्यविधि निर्माणका लागि गठित उपसमितिको कार्यकाल | |

| | | | |
|---|---|---|---|
| | | २०७५/०९/२५ सम्म थप गर्ने निर्णय गरियो ।<br>२. उप-समितिबाट समिति समक्ष पेश हुन आएको सार्वजनिक लेखा समितिको कार्यविधि २०७५ को मस्यौदा सहितको प्रतिवेदन ग्रहण गरी उप-समितिका संयोजक तथा सदस्यहरुले सफलता-पूर्वक तथा मिहिनेतका साथ निर्वाह गर्नु भएको भूमिकाका लागि हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।<br>३. प्रदेश सभाका सदस्य मा. टेक बहादुर घर्तिको ४७ वर्षको अल्पायुमा निधन भएको । मा. ओमकला गौतमका सुपुत्र नवीन गौतमको ३६ वर्षको अल्पायुमा निधन भएको र मा. लक्ष्मी सुनारको ममतामयी माता हेमन्ती कुमारी सुनारको ७७ बर्षको उमेरमा निधन भएको हुँदा दिवंगत आत्माहरुको चीर शान्तिको कामना तथा शोक संतप्त परिवारहरु प्रति संवेदना प्रकट गर्दै शोकको घडिमा ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना गर्ने निर्णय गरियो। | भएको । |
| ६. | २०७५/१०/१५ | १. गण्डकी प्रदेशका विभिन्न मन्त्रालयहरुबाट इन्धन सुविधाको दोहोरो प्रयोग भएको विषयमा जनगुनासो तथा पत्रपत्रिकामा समेत समाचार सार्वजनिक भएको सन्दर्भमा यस प्रदेशका सबै मन्त्रालयहरुबाट | सबै मन्त्रालयहरुमा इन्धनको सुविधा सम्बन्धी पत्र पठाएकोमा ७ दिन भित्र प्राप्त नभएको । |

| | | | |
|---|---|---|---|
| | | माननीय मन्त्रीज्यूलाई इन्धन सुविधा उपलब्ध गराउने विषयमा भएका निर्णयहरु तथा सो सुविधा वापत माननीय मन्त्रीज्यूहरुलाई हालसम्म कुन-कुन मितिमा कति परिमाणमा इन्धन सुविधा उपलब्ध गराइएको विवरण ७ दिन भित्र समितिमा पठाउन निर्देशन दिने निर्णय गरियो । | |
| ७. | २०७५/११/२ | १. सार्वजनिक लेखा समितिको कार्यविधि, २०७५ लाई पारित गरिनुका साथै उक्त कार्यविधिको दस्तावेजमा समितिका सबै सदस्यहरु-बाट हस्ताक्षर गरी अभिलेख राख्ने।<br>२. समितिको मिति २०७५/१०/१५ गतेको छैठौं बैठकको निर्णयानुसार गण्डकी प्रदेशका विभिन्न मन्त्रालयहरु-बाटमाननीय मन्त्रीज्यूहरुलाई उपलब्ध गराइएको इन्धन सुविधाको दोहोरो प्रयोग भएको विषयमा सो भए नभएको विवरण खुलाई उपलब्ध गराउन निर्देशन दिइएकोमा सो सम्बन्धमा थप जानकारी लिनको लागि पुन: पत्राचार गरी पठाउने निर्णय गरियो । | कार्यविधि पारित भएको ।<br><br>गण्डकी प्रदेशका विभिन्न मन्त्रालयहरुबाटमाननीय मन्त्रीज्यूहरुलाई उपलब्ध गराइएको इन्धन सुविधाको दोहोरो प्रयोग भएको विषयमा सो भए नभएको विवरण खुलाई उपलब्ध गराउन निर्देशन दिइएकोमा सो सम्बन्धमा थप जानकारी लिनको लागि पुन: पत्राचार गरिएको । |
| ८. | २०७५/१२/१ | १. गण्डकी प्रदेशका माननीय मुख्य मन्त्री तथा माननीय मन्त्रीज्यूहरुलाई शपथग्रहण गरेदेखि हालसम्म इन्धन सुविधा उपलब्ध गराइएको विषयमा भएका निर्णय तथा उपलब्ध गराइएको | सो सम्बन्धी पत्राचार गरिएको ।<br><br>संयुक्त राष्ट्र संघ, यू.एन.डि.पी.को सहकार्यमा१४ र १५ |

| | | | |
|---|---|---|---|
| | | इन्धनको विवरणका सम्बन्धमा मिति २०७५ साल चैत्र १२ गते बिहान ०८:०० बजे प्रदेश सभा सचिवालय, गण्डकी प्रदेशमा समितिको बैठक राख्ने र छलफल कार्यक्रम आयोजना गर्ने हुँदा सम्बन्धित सबै मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत सबै मन्त्रालयलाई लेखा प्रमुख सहित उपस्थितिको लागि आमन्त्रित गर्ने ।<br>२. संयुक्त राष्ट्र संघ, यू.एन.डि.पी.को सहकार्यमा मिति २०७५ साल चैत्र १४ र १५ गते तनहुँ जिल्लाको बन्दीपुरमा आयोजना गरिने “आर्थिक सुशासन र भ्रष्टाचार नियन्त्रणको लागि सार्वजनिक लेखा समिति गण्डकी प्रदेश र सरोकारवाला संस्थाहरु बीच समन्वय र सहकार्य विषयक अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय गरियो । उक्त कार्यक्रमका लागि आवश्यक व्यवस्थापन गर्न श्री विन्दु कुमार थापाको संयोजकत्वमा माननीय सदस्य श्री प्रभा कोइराला तथा माननीय सदस्य श्री दिल कुमारी रोका मगर गरी तीन सदस्यीय व्यवस्थापन समिति गठन गर्ने । | गते तनहुँ जिल्लाको बन्दीपुरमा आयोजना गरिने “आर्थिक सुशासन र भ्रष्टाचार नियन्त्रणको लागि सार्वजनिक लेखा समिति गण्डकी प्रदेश र सरोकारवाला संस्थाहरु बीच समन्वय र सहकार्य विषयक अन्तरक्रिया कार्यक्रम" श्री विन्दु कुमार थापाको संयोजकत्वमा माननीय सदस्य श्री प्रभा कोइराला तथा माननीय सदस्य श्री दिल कुमारी रोका मगर गरी तीन सदस्यीय व्यवस्थापन समिति गठन गरियो । |
| ९. | २०७५/१२/१२ | १. माननीय मन्त्रीहरुले इन्धनमा दोहोरो सुविधा लिएको भन्ने सम्बन्धमा प्राप्त दस्तावेजहरुलाई अध्ययन गरी सरोकारवालाहरुसँगआवश्यक छलफल गरी १५ (पन्ध) दिनभित्र सुझाव | १. उपसमितिको गठन गरिएको।<br>२. प्रदेशभित्रका सम्पूर्ण स्थानीय तहमा लेखा |

| | | | |
|---|---|---|---|
| | | दिनका निम्ति माननीय रामजी प्रसाद बराल जीवनको संयोजकत्वमा माननीय मेखलाल श्रेष्ठ र माननीय प्रभा कोइराला सदस्य रहनु भएको ३ (तीन) सदस्यीय उपसमिति गठन गर्ने निर्णय गरियो । <br> २. स्थानीय तहको सभा संचालन सम्बन्धी ऐनको दफा ३५ उपदफा (१) ले व्यवस्था गरे अनुसार गण्डकी प्रदेशभित्रका सम्पूर्ण स्थानीय तहमा लेखा समिति गठन गर्न आवश्यक पहल र कार्यान्वयनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो । <br> ३. आर्थिक सुशासन र भ्रष्टाचार नियन्त्रणका लागि सार्वजनिक लेखा समिति गण्डकी प्रदेश र सरोकारवाला संस्थाहरुबीच समन्वय र सहकार्यका निम्ति २०७५ चैत्र १४ र १५ गते तनहुँ जिल्लाको बन्दीपुरमा गरिने अन्तरक्रिया कार्यक्रमको उद्घाटन सत्र र छलफल सत्र सम्बन्धी सभापतिबाट प्रस्तावित सम्पूर्ण कार्यक्रमहरू अनुमोदन गर्ने निर्णय गरियो। <br> ४. प्रदेश मन्त्रिपरिषद्को गठन पश्चात् आजका मितिसम्म मन्त्रिपरिषद्ले निर्णय गरेर दिएका आर्थिक सहयोग, चन्दा, उपचार खर्च लगायत अन्य आर्थिक सहयोगको विवरण र उक्त सहयोग कानूनसम्मत् भए/नभएको | समिति गठन सम्बन्धी आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पत्राचार गरिएको । <br> ३. २०७५ चैत्र १४ र १५ गते तनहुँ जिल्लाको बन्दीपुरमा गरिने अन्तरक्रिया कार्यक्रमको उद्घाटन सत्र र छलफल सत्र सम्बन्धी सभापतिबाट प्रस्तावित सम्पूर्ण कार्यक्रमहरू अनुमोदन गरियो। <br> ४. मन्त्रिपरिषद्ले निर्णय गरेर दिएका आर्थिक सहयोग, चन्दा, उपचार खर्च लगायत अन्य आर्थिक सहयोगको विवरण र उक्त सहयोग कानूनसम्मत् भए/नभएको जानकारी सहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पत्रका मितिले १० (दश) |

| | | | |
|---|---|---|---|
| | | जानकारी सहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पत्रका मितिले १० (दश) दिनभित्र माग गर्ने निर्णय गरियो । | दिनभित्र पठाउने गरि पत्राचार गरेको । |
| १०. | २०७५/१२/१४ | १.आर्थिक सुशासन र भष्टाचार नियन्त्रणको लागि सार्वजनिक लेखा समिति गण्डकी प्रदेश र सरोकारवाला संस्थाहरु बिच समन्वय र सहकार्य विषयक अन्तर्क्रिया कार्यक्रमको २०७५ चैत्र १४ गतेको उद्घाटन सत्र र माननीय महालेखा परीक्षक, संघीय संसदका माननीय सदस्य राजेन्द्र कुमार के.सी. र माननीय विरोध खतिवडाको कार्यपत्र र प्रस्तुती उपलब्धिमूलक र प्रभावकारी भएको तर अन्य व्यवस्थापन पक्षलाई सुधार गर्नुपर्ने निर्णय गरियो । | अन्तरक्रिया कार्यक्रमको समिक्षा गरेको । |
| ११. | २०७५/१२/१५ | १. आर्थिक सुशासन र भष्टाचार नियन्त्रणको लागि सार्वजनिक लेखा समिति गण्डकी प्रदेश र सरोकारवाला संस्थाहरु बिच समन्वय र सहकार्य विषयक अन्तक्रिया कार्यक्रमको २०७५ चैत्र १४ तथा १५ गते उपस्थित भएर सहयोग गर्नु हुने माननीय प्रदेश प्रमुख, माननीय सभामुख, माननीय महालेखा परीक्षक, माननीय प्रदेश मन्त्रीहरू, माननीय संघीय संसदद्वय, माननीय उपसभामुख, माननीय विपक्षी दलको नेता, विषयगत समितिका माननीय सभापतिहरू, दलका | अनुशासन पालन गर्दै आफैबाट प्रारम्भ गरी गण्डकी प्रदेशमा भ्रष्टाचार न्यूनीकरण र नियन्त्रण गर्ने प्रतिवद्धता जाहेर गरेको । |

| | | | |
|---|---|---|---|
| | | माननीय नेताहरू, माननीय सदस्यहरू, प्रमुख सचिव, विभिन्न मन्त्रालयका सचिवहरू, प्रदेश को.ले.नि.का.का प्रमुख, स्थानीय तहका लेखा समितिका सभापतिहरू, स्थानीय तहका उच्च पदस्थ कर्मचारीहरू, नागरिकस्तरबाट स्थापित सरोकारवाला संस्थाहरू, यु.एन.डी.पी., सचिवालयका कर्मचारीहरू, स्रोत व्यक्तिहरू र अन्य सम्पूर्ण सहयोगीहरूलाई धन्यवाद दिने निर्णय गरियो ।<br>(२)(क)सार्वजनिक लेखा समितिका सबै सदस्यहरू आग्रह—पूर्वाग्रह, द्वैष र अनुरागबाट माथि उठेर निष्पक्ष रुपमा काम गर्ने वचनवद्धता जाहेर गर्दछौं।<br>(ख) सार्वजनिक लेखा समिति आर्थिक सुशासनको लागि आवश्यक अनुशासन पालन गर्दै आफैबाट प्रारम्भ गरी गण्डकी प्रदेशमा भ्रष्टाचार न्यूनीकरण र नियन्त्रण गर्ने प्रतिवद्धता जाहेर गर्दछ ।<br>(ग) सार्वजनिक लेखा समितिको नेतृत्वमा आर्थिक सुशासनसँग सरोकारवाला संस्थाहरूले समन्वय र सहकार्य गरी आर्थिक सुशासन सबल गण्डकी प्रदेश बनाउने सामुहिक संकल्प गर्दछ । | |
| १२. | २०७५/१२/१९ | १. माननीय मन्त्रीहरुले इन्धन उपयोग गरेको सम्बन्धमा विभिन्न | |

| | | | |
|---|---|---|---|
| | | मन्त्रालयबाट प्राप्त भएका कागजपत्र अध्ययन गरियो।<br>२. प्राप्त कागजातहरु अध्ययन गर्दा माननीय मन्त्रीलाई उपलब्ध गराइएको इन्धन १५० लिटर के कसरी खर्च भयो भन्ने स्पष्ट नभएको हुँदा मिति २०७५ श्रावण १ गतेदेखिको इन्धन उपयोग सम्बन्धी लगबुक ७ (सात) दिनभित्र प्रदेश सभा सचिवालयमा आइपुग्ने गरि माग गर्ने निर्णय भयो। | |
| १३. | २०७६/२/१० | १. उपसमितिले पेश गरेको प्रतिवेदन माथि गहन अध्ययन गरी सुझाव सहितको पत्राचार मन्त्रालयहरुमा निर्देशन गरिने निर्णय गरियो । | गण्डकी प्रदेशका सबै मन्त्रालयहरुमा प्रतिवेदन सहितको पत्राचार गरेको । |

**३.२ कार्य सम्पादनमा देखा परेका समस्या :-**

- समितिको काम कारवाहीलाई प्रभावकारी बनाउन आवश्यक पर्ने समिति सभाकक्ष, सभापतिको कार्यकक्ष र समिति सचिवालय लगायत आधुनिक पूर्वाधारयुक्त भौतिक स्रोत साधनको कमि रहेको। जसका कारण समितिको कार्य सम्पादनमा असहजता आएको छ।
- समितिको काम कारवाहीलाई प्रविधि मैत्री बनाउन सकिएको छैन ।
- समितिलाई अध्ययन/भ्रमण, अन्तर्क्रिया/छलफल लगायतका कार्यक्रमका लागि पर्याप्त बजेटको व्यवस्था हुन सकेको छैन ।
- समितिका माननीय सदस्यहरु तथा कर्मचारीहरुका लागि आवश्यक वैदेशिक भ्रमण, अध्ययन, अनुभव आदान प्रदान, तालीम आदि उपलब्ध हुन सकेको छैन ।

## परिच्छेद - ४

# निष्कर्ष, सुझाव तथा सिफारिस

**४.१ निष्कर्ष :-** नेपालको संविधानको धारा १९३ मा रहेको व्यवस्था र गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ मा उल्लेखित काम कर्तव्य र अधिकारको सिमा भित्र रही यस समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतका निकायहरु आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसंग सम्बन्धित विषयमा आवश्यकता अनुसार भूमिका निर्वाह गरि रहेको छ । सम्बन्धित मन्त्रालयहरुलाई आफ्नो नीति योजना र कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा आवश्यक राय सल्लाह तथा निर्देशन प्रदान गरी यस समितिले सरकारका क्रियाकलापलाई उत्तरदायी र जवाफदेही बनाउने प्रयास गर्दै आएको छ ।

**४.२ सुझाव तथा सिफारिस :-**

- समितिको काम कारवाहीलाई प्रभावकारी बनाउन आवश्यक पर्ने समिति सभाकक्ष, सभापतिको कार्यकक्ष र समिति सचिवालय लगायत आधुनिक पूर्वाधारयुक्त भौतिक स्रोत साधनको व्यवस्था हुनु पर्ने ।
- समितिको काम कारवाहीलाई प्रविधि मैत्री बनाउनु पर्ने ।
- समितिको काम कारवाहीलाई प्रभावकारी बनाउन सचिवालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई नियमित रुपमा क्षमता अभिवृद्धिका कार्यक्रमहरुमा सहभागी गराउनु पर्ने।
- समितिका सदस्य एवं कर्मचारीहरुलाई पर्याप्त मात्रामा अध्ययन/भ्रमण, अन्तर्क्रिया/छलफल लगायतका कार्यक्रमको लागि पर्याप्त बजेटको व्यवस्था गर्नु पर्ने ।
- समितिका माननीय सदस्यहरु तथा कर्मचारीहरुका लागि आवश्यक वैदेशिक भ्रमण, अध्ययन, अनुभव आदान प्रदान, तालीम आदि उपलब्ध गराउनु पर्ने ।

# अनुसूचीहरु

## अनुसूची - १

### समितिमा रहनु भएका माननीय सदस्यहरुको नामावली

| क.सं. | रोलक्रम | माननीय सदस्यहरुको नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | ६ | कुमार खड्का | सदस्य | ९८५६०२१०४३ |
| २ | ४ | ओम कला गौतम | सदस्य | ९८५७०४१५९५ |
| ३ | ११ | गायत्री गुरुङ | सदस्य | ९८४६१९८७२५ |
| ४ | १६ | जुना देवी नेपाली | सदस्य | ९८५७६२६३४४ |
| ५ | २० | दिलमाया रोका मगर गौतम | सदस्य | ९८४७७०५१७२ |
| ६ | २९ | पुष्पा के.सी. (भण्डारी) | सदस्य | ९८४६०३४८५१ |
| ७ | ३० | प्रकाश चन्द्र दवाडी | सदस्य | ९८५१०४८३९७ |
| ८ | ३१ | प्रभा कोइराला | सदस्य | ९८५६०८५१११ |
| ९ | ३७ | बिन्दु कुमार थापा | सदस्य | ९८५६०२४८४८ |
| १० | ३८ | महेन्द्र बहादुर थकाली | सदस्य | ९८५७६५०००१ |
| ११ | ४२ | मायानाथ अधिकारी | सदस्य | ९८५६०४५९६६ |
| १२ | ४५ | मेख लाल श्रेष्ठ | सदस्य | ९८५११५१२०७ |
| १३ | ४७ | राम बहादुर गुरुङ | सदस्य | ९८५१०७००३१ |

# समितिमा रहनु भएका माननीयहरु



मा. कुमार खड्का
सभापति



मा. ओमकला गौतम
सदस्य



मा. गायत्री गुरुङ्ग
सदस्य



मा. जुना देवी नेपाली
सदस्य



मा. दिलमाया रोका मगर
सदस्य



मा. प्रकाशचन्द्र दवाडी
सदस्य



मा. प्रभा कोइराला
सदस्य

# समितिमा रहनु भएका माननीय सदस्यहरु



मा. बिन्दुकुमार थापा
सदस्य



मा. महेन्द्रकुमार थकाली
सदस्य



मा. मायानाथ अधिकारी
सदस्य



मा. मेखलाल श्रेष्ठ
सदस्य



मा. राम बहादुर गुरुङ्ग
सदस्य



मा. रामजी बराल (जीवन)
सदस्य

# अनुसूची - २

## समिति सचिवालयसंग सम्बद्ध कर्मचारीहरुको विवरण

| क्र.सं. | कर्मचारीहरुको नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री जितेन्द्र जंग के.सी. | सचिव (अधिकृत आठौं) | ९८४६०४३५७१ |
| २ | श्री महेन्द्र कुमार राई | लेखा अधिकृत | ९८४९३७५८५१ |
| ३ | श्री चन्द्रकला बस्नेत | कम्प्युटर अधिकृत | ९८४६४३६२१४ |
| ४ | श्री तुलसीराम आचार्य | सहलेखापाल | ९८५७६७६९६७ |
| ५ | श्री सूर्य बहादुर के.सी. | का.स. | ९८४६४६३०९० |

## विशेष सहयोग

| क्र.सं. | कर्मचारीहरुको नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री गोपाल शर्मा | अधिकृत सातौं | ९८५७६२५५५० |

# समितिमा रहनु भएका कर्मचारीहरु



श्री जितेन्द्रजंग के.सी.
सचिव



श्री महेन्द्र कुमार राई
लेखा अधिकृत



श्री चन्द्रकला बस्नेत
कम्प्युटर अधिकृत



श्री तुलसीराम आचार्य
सहलेखापाल



श्री सूर्य बहादुर के.सी.
कार्यालय सहयोगी

# अनुसूची - ३

# सार्वजनिक लेखा समितिको कार्यविधि, २०७५